## प्रेस विज्ञप्ति

निजी आवास पुनर्निर्माणका लागि अनुदान सम्झौता ।

(२०७३ माघ०७)

भूकम्पबाट अति प्रभावित जिल्लाहरुमध्ये देहाय बमोजिमका १४ जिल्लाहरुमा निजी आवास पुनर्निर्माणका लागि यही २०७३ माघ०७ गते सम्म ५,४९,४४३ घरधुरीहरुसँग अनुदान सम्झौता सम्पन्न भएको छ भने प्रथम किस्ता भुक्तानी घरधुरी संख्या ४,८२,८५६ रहेको र करिब २,०४,१७७ वटा गुनासाहरु दर्ता गरिएको अभिलेख प्राप्त भएको छ । भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माणका लागि पहिचान गरिएका लाभग्राहीहरुलाई बैंक मार्फत अनुदान हस्तान्तरण गर्न राष्ट्रियपुनर्निर्माण प्राधिकरणबाट "क","ख" र "ग" वर्गका इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुसंग २०७३ साल जेठ १७ मा सम्झौता भई सोही अनुसार स्थानीय निकाय रबैंक तथा वित्तीय संस्थाहरु बीच छलफल भई स्थानीयस्तरमा बैंक तथा वित्तीय संस्थाहरुको क्लस्टरिंग गरी तिनिहरुमार्फत आ-आफ्नो क्लस्टरमा परेका लाभग्राहीहरुलाई अनुदान वितरण गर्ने गरी प्रबंध मिलाइएको छ | साथै गाविस तथा नगरपालिकाहरुलाई संपन्नभैसकेका अनुदान सम्झौताको तेरिज छिटो माध्यमबाट जिविसमा पठाउने रसम्बन्धित जिविसले प्राप्त तेरिज अनुसार यथाशीघ्र बैंकखातामा अनुदान रकम हस्तांतरण गर्ने व्यवस्था मिलाउन सबै जिविस, नगरपालिका तथा गाविसहरुलाई निर्देशन दिईसकेकोछ | यसबाट आगामी दिनमा अनुदान प्राप्त गर्ने लाभग्राहीको संख्यामा तीव्रतर बृद्धि हुने अपेक्षा समेत गरिएको छ |

| सि. नं. | जिल्ला | लाभग्राही संख्या | अनुदानसम्झौता सम्पन्न घरधुरी संख्या | प्रथम किस्ता भुक्तानी घरधुरी संख्या | गुनासो दर्ता |
|---|---|---|---|---|---|
| १ | गोरखा | ५८५०३ | ५३३४९ | ५२६७५ | १५७४६ |
| २ | सिन्धुपाल्चोक | ७८५३७ | ७४९२४ | ७४९१२ | १४४४७ |
| ३ | रामेछाप | ४३६०९ | ४०९११ | ३९७५९ | १३९७२ |
| ४ | धादिङ्ग | ७०५८१ | ६३१५१ | ५२९१७ | १५५८९ |
| ५ | नुवाकोट | ६५७५९ | ६१३७० | ६०४७४ | ११०५० |
| ६ | दोलखा | ५१७६२ | ४७६१४ | ४७०७९ | २१७१२ |
| ७ | ओखलढुङ्गा | १९८१८ | १८४८९ | १८३०१ | ७८१० |
| ८ | काभ्रेपलाञ्चोक | ६७६६५ | ६०७२१ | ५९७५१ | २१४३६ |
| ९ | सिन्धुली | ३४२५६ | २८२६९ | २६१६२ | ३०६०१ |
| १० | रसुवा | ११२३६ | ९४५५ | ८८४८ | १३६७ |
| ११ | मकवानपुर | ३०२३८ | २०३०५ | १९००९ | २६९०९ |
| १२ | ललितपुर | २५५०६ | १७८३० | ५९१९ | ६११८ |
| १३ | काठमाडौं | ४२५०० | ३२९८५ | १७०५० | १०८३२ |
| १४ | भक्तपुर | २६०६६ | २००७० | | ६५८८ |
| | जम्मा | ६,२६,०३६ | ५४९४४३ | ४८२८५६ | २,०४,१७७ |

(मदन कोइराला)
सहायक प्रवक्ता एवं सूचना अधिकारी
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

२०७३ माघ०७